# सेनाको गठन र पुनर्गठन : ऐतिहासिक शृंखला

शरद अधिकारी

नेपालमा शाहवंशीय राजतन्त्र र नेपाली सेनाको विकास सँगसँगै अगाडि बढेको देखिन्छ । पृथ्वीनारायण शाहलाई नेपाली सेनाको संस्थापक मान्न सकिन्छ । उनले थालेको नेपाल एकीकरण अभियानसँगै सेनाले संगठित स्वरूप पाएको देखिन्छ । उनको सैनिक विस्तार अभियानलाई इतिहासकारहरू एकीकरण अभियानको प्रारम्भिक चरण मान्छन् (आचार्य २०६१) । त्यस वेला आवश्यकताअनुसार मानिसलाई सेनामा भर्ती गर्ने र राज्य विस्तारका क्रममा त्यस्तो पल्टनको प्रयोग गर्ने गरिन्थ्यो । तर ब्यारेक प्रणाली लागु भइसकेको थिएन, न स्थायी सेना नै बनेको थियो । सेनाका कमाण्डर र मुख्य कमाण्डरलाई 'काजी' भन्ने गरिन्थ्यो ।

पृथ्वीनारायणको अवसानपछि एकीकरण अभियान र सेना विस्तारलाई उनका छोरा बहादुर शाहले निरन्तरता दिए । बाबुले अवलम्बन गर्दै आएको नीति अपनाउँदै छोराले पनि सेनाको भरमा राज्य विस्तार गरेको देखिन्छ । उनले मिल्न आउने अन्य राज्यका सैनिकलाई आश्रय दिंदै विभिन्न काजीहरूको नेतृत्वमा एकीकरण अभियान जारी राखेका थिए । बहादुर शाहपछि नेपाली सेनालाई आधुनिकीकरण र पश्चिमाकरण गर्ने काम मुख्तियार भीमसेन थापाले गरे । उनले सेनालाई स्थायी रूप दिए र संख्या बढाएर छ हजार पुर्‍याए । उनकै कार्यकालमा

ब्यारेक प्रणाली लागु भयो । सेनामा जर्नेल, कर्णेलजस्ता पश्चिमा फौजी शब्दको प्रयोग हुन थाल्यो । फ्रान्सेली शैलीका सैन्य पोशाक प्रचलनमा ल्याइयो । थापाले सेनाभित्र प्रयोग हुने विभिन्न 'टाइटल' अंग्रेजहरूबाट र ब्यारेक प्रणाली फ्रान्सेलीहरूबाट अनुकरण गरेको देखिन्छ । उनकै पालामा सेनाका लागि आवश्यक पर्ने गोलाबारूद निर्माण गर्न थालियो भने काठमाडौंको सुन्धारानजिकै हातहतियार बनाउने र राख्ने ठाउँ निर्माण गरियो । हालसम्म पनि त्यहाँ कोतखाना भन्ने सेनाको सानो कार्यालय छ ।

थापाले आफूलाई मुख्तियार भन्नुभन्दा 'जनरल' भन्न रूचाए । आफ्ना भाइ–भतिजालाई छोटा जनरल, बडा जनरल आदि घोषणा गरे । उनको कार्यकालमा ठूलो कर्णेल, सानो कर्णेल, मेजर, कप्तान, लप्टन, सुबेदार, जमदारजस्ता पदहरू सिर्जना गरियो । यसरी उनले एक हिसाबले नेपाली सेनाको आधुनिकीकरण र व्यावसायीकरण गरेका थिए भन्न सकिन्छ । अहिलेको सेनाको संरचनाको आधार बनाउने व्यक्ति भीमसेन थापा हुन् भन्न सकिन्छ । थापा सेनाकै भरमा शक्तिशाली रहन र झण्डै ३३ वर्ष (वि.सं. १८६१–९४) एकछत्र राज गर्न सफल भए ।

थापाको सैनिक विस्तार र सुदृढीकरण अभियानलाई माथवरसिंह थापाले निरन्तरता मात्र दिएनन्, अझै बढाए । उनले तीन हजार सैनिक थपेर सेनाको नफ्री नौ हजार पुऱ्याएका थिए । सेनाकै भरमा उनले पहिलोपटक 'कमाण्डर इन चीफ जनरल' भन्ने पदवी लिएका थिए । भीमसेन थापा र माथवरसिंहले दह्रो पारेको नेपाली सेनाकै आडमा जंगबहादुर कुँवर (पछि राणा) को उदय भयो । आफूले नेतृत्व गरेको तीन पल्टन फौज प्रयोग गरेर वि.सं. १९०३ मा 'कोतपर्व' मार्फत जंगबहादुरले शक्ति हत्याएका थिए । सैन्य शक्तिकै भरमा उनले आफूलाई प्रधानमन्त्री र प्रधानसेनापति घोषणा गरे । १९१३ सालमा आएर 'श्री ३ महाराज' भन्ने पदवी पनि लिए, जुन पद्धति राणा शासनका अन्तिम प्रधानमन्त्री मोहनशमशेरका पालासम्म कायम रह्यो ।

आफू शक्तिशाली रहिरहन जंगबहादुरले देशव्यापी रूपमा सैन्य भर्ना गरे । सेनाको आधुनिकीकरण र सुदृढीकरणका लागि उनीले भारत, बेलायत, फ्रान्स आदि देशका सैन्य संरचनाबारे बुझे । सैनिककै भरमा अंग्रेज शासकलाई रिझाउन उनी सफल भए । वि.सं. १९१४ मा भारतमा भएको सिपाही विद्रोह दमन गर्न १४ हजार नेपाली फौजको नेतृत्व गर्दै उनी आफैं गएका थिए । त्यसमा सफल भएबापत नेपालले पहिले गुमाएका बाँके, बर्दिया, कैलाली र कञ्चनपुर

क्षेत्र अंग्रेजबाट फिर्ता भयो । यी सबै काम जंगबहादुरले नेपाली सेनाकै बलमा गरेका थिए भन्न सकिन्छ (राणा सन् १९९८) ।

जंगबहादुरले थालेको र १०४ वर्षसम्म टिकेको राणाशासन कालमा नेपाली सेनाको कमाण्डर-इन-चीफ र जनरलहरू सबै राणाका छोरा र भाइ-भतिजा मात्र हुने गर्थे । राणाकालमा सेनाप्रमुख कमाण्डर-इन-चीफ हुन्थे भने देशका चार भेग (पूर्व, पश्चिम, उत्तर र दक्षिण) मा एक-एक जना 'कमाण्डिङ जनरल' नियुक्त गरिन्थे । यी कुनै कमाण्डमा नपर्नेहरू पनि जर्नेलमा नियुक्ति हुन्थे । राणा शासनकालमा सामान्य जनताका छोरा सेनामा भर्ती हुन पाए पनि जर्नेल हुने कुरा सम्भव थिएन । सामान्य परिवारका केही व्यक्तिहरू कर्णेलसम्म भएको पाइन्छ ।

## नेपाली सेनाको पुनर्गठन

२००७ सालको क्रान्तिका दौरान भारतको नयाँदिल्लीमा राणा शासक र भारतबीच सम्झौता भई नेपालमा राणा शासनको अन्त्य भएको थियो । दिल्ली सम्झौताकै वेला नेपाली सेनाको पुनर्गठन गर्ने सहमतिसमेत भएको थियो । साथै भारतले सेनाको आधुनिकीकरण र व्यवसायीकरणका लागि आवश्यक सहायता उपलब्ध गराउने भनेको थियो । तर सैनिक पुनर्गठनको काम झण्डै दुई वर्षपछि मात्र सम्भव भयो ।

राणा शासनको अन्त्य हुँदा नेपाली सेनाको संख्या ४० हजार थियो । तीमध्ये नियमित फौजको संख्या २० हजार र बाँकी म्यादी फौज थिए । म्यादी सैनिकको प्रयोग आवश्यक पर्दा र लडाइँमा जानुपर्दा गरिन्थ्यो । राणा शासनको अन्त्य र प्रजातन्त्रको स्थापनासँगै भएको पुनर्गठनका क्रममा 'सैन्य शक्तिको जरूरत छैन' भन्दै सेनाको संख्या घटाएर नौ हजार पारियो । २००९ सालमा करिब ३९ ओटा पल्टनहरू खारेज गरिए । नेपाली सेना एक शताब्दीभन्दा लामो समय राणा शासकहरूप्रति बफादार रहेको कारण बदलिँदो परिप्रेक्ष्यमा त्यसको पुनर्गठन आवश्यक ठानिएको थियो । २००७ सालको संघर्षमा सैन्य एवं राजनीतिक दुवै मोर्चामा पराजित भएर रक्षात्मक अवस्थामा रहेका कारण सेनाले आफ्नो आकार कटौतीप्रति कुनै प्रतिक्रिया जनाउन सकेन ।

२००९ सालको पुनर्गठनपछि नौ बटालियन र २३ कम्पनी फौज मात्र कायम राखियो । 'यो राणाको सेना हो' भन्ने सोचाइ राजा त्रिभुवन, सरकार र राजनीतिक दलहरूमा समेत थियो । त्यसैले सरकारले सेनामा नियन्त्रणको नीति लिएको थियो । त्यस वेला सैनिक हिसाबले मुलुकलाई तीन भौगोलिक क्षेत्रमा विभाजन गरी तीन ब्रिगेड खडा गरिएको थियो । त्यसअनुसार नं. १ ब्रिगेडअन्तर्गत

काठमाडौं उपत्यका र यससँग जोडिएका सीमावर्ती पूर्वी र पश्चिमका जिल्लाहरू समावेश गरिए भने पूर्वमा विराटनगरलाई आधार क्षेत्र मानी नं. २ ब्रिगेड स्थापना गरियो । त्यस्तै पश्चिमतर्फ भैरहवामा नं. ३ ब्रिगेड हेडक्वार्टर खडा गरियो ।

नेपाली काँग्रेसको मुक्तिसेनालाई २००७ सालको क्रान्तिपछि सुरुमा सेनामा नगाभी 'रक्षा दल' नामक अर्धसैन्य बलमा परिणत गरिएको थियो, जसमा आधारित रहेर २०१२ सालमा नेपाल प्रहरी गठन गरियो । त्यस क्रममा 'पुलिस ल्याकतमा नभिजेका व्यक्तिहरू' लाई २०१८ सालमा तीनओटा 'होमगार्ड ट्रुप्स' मा संगठित गरियो र पछि यी तीन ओटा होमगार्ड बटालियनमध्ये क्रमशः नं. १ लाई बर्दबहादुर, नं. २ लाई पशुपतिप्रसाद र नं. ३ लाई सिंहनाथ नामकरण गरी नेपाली सेनामा समावेश गरियो (शर्मा, वैद्य र मानन्धर २०४९) । जीबी याक्थुम्बा, पूर्णसिंह ठाकुर, पहलसिंह लामा, रोमबहादुर थापा, खड्गजित बराल, डीबी लामा आदि २००७ सालको मुक्ति सेनाकै उत्पादन थिए, जो नेपाल प्रहरीको महानिरीक्षकसमेत भए । प्रहरीमा अरू पनि धेरैजना उच्च तहमा पुगेका थिए । तर मुक्ति सेनाबाट होमगार्ड हुँदै सेनामा गाभिन पुगेका थोरै मात्र अधिकृत भए । तीमध्ये दिलमानसिंह थापामगर सहायक रथीसम्म भए भने सीवी राईले महासेनानीबाट अवकाश पाए ।

राणाकाल र त्यसपछिका वर्षहरूमा पनि फौजीतर्फको सम्पूर्ण काम, व्यवस्थापन र सञ्चालन जंगी अड्डाबाटै हुने गरेको थियो । राणाकाल र यसअघि जंगी अड्डामा प्रधानमन्त्रीकै उपस्थितिमा जंगी भारदारी परिषद्को बैठक बस्ने गर्थ्यो । यसले गरेका निर्णयहरू सबै निकायले पालना गर्नुपर्थ्यो । २००९ सालको पुनर्गठनपछि राजनीतिक र प्रशासनिक पक्षसमेत प्रधानसेनापतिबाट हेरिने चलनको अन्त्य गरी उनको भूमिकालाई विशुद्ध सैन्य कार्यमा मात्र सीमित गरियो (बस्न्यात २०५३) ।

## भारतीय 'मिलिटरी मिसन'को आगमन

नेपाली सेनालाई आधुनिकीकरण र व्यावसायीकरण गर्ने उद्देश्यले २००९ सालमै भारतबाट 'मिलिटरी मिसन' बोलाइएको थियो । मिसनको सल्लाहमा सेनाको नफ्री नबढाइए पनि सांगठनिक र 'कमान्ड कन्ट्रोल'को स्वरूप भने नयाँ बनाइएको थियो । राणाकालीन सेनालाई आधुनिकीकरण, व्यावसायिक र प्रजातान्त्रीकरण गराउनु मिलिटरी मिसनको प्रमुख उद्देश्य थियो । भारतीय सेनाका एकजना मेजर जनरलको नेतृत्वमा आएको मिसन ललितपुरको

जावलाखेलस्थित हालको स्टाफ कलेजमा बसेको थियो । उक्त मिसनले सिपाही र अधिकृतलाई छुट्टाछुट्टै तालिम दिने परम्परा सुरु गऱ्यो ।

नेपाल सरकारकै निमन्त्रणामा आए पनि मिसन नेपाल आउनुको वास्तविक उद्देश्य छुट्टै रहेको कुरा एकपछि अर्को गर्दै सार्वजनिक हुन थाल्यो । जानकारहरू भारतीय सैन्य मिसनको खास उद्देश्य नेपाली सेनालाई आफ्नो प्रभाव घेरामा राख्ने र नेपाली भूमिबाट चीनलाई अनुगमन गर्ने भन्ने थियो ।[१] मिसनकै सिफारिसमा नेपाली सेनाका अधिकृत तथा जवानहरूको सरुवा, बढुवा र वृत्ति विकासका अन्य सुविधा उपलब्ध गराउन थालियो ।

जसरी काठमाडौंस्थित भारतीय राजदूत नेपाल सरकारका निर्णय र राजनीतिक प्रक्रियाहरूमा आफ्नो पहुँच राख्थे, त्यसै गरी मिलिटरी मिसनका प्रमुख नेपालको सैनिक मुख्यालय र अन्य ब्यारेकहरूमा सहज पहुँच स्थापित गरिरहेका थिए । मिसनले नेपालको चीनसँग जोडिएका संवेदनशील एक दर्जन स्थानमा भारतीय सैनिक चेकपोष्टसमेत स्थापना गरिसकेको थियो ।

## सैनिक ऐन र शाही 'कू'

राजा महेन्द्र सेनाको नियन्त्रण पूर्णतः आफ्नो हातमा ल्याउन चाहन्थे । त्यसको प्रयास उनले २०११ सालमा गद्दी सम्हाल्नासाथ थालिहाले । २०१५ सालको आमनिर्वाचनमा नेपाली काँग्रेसले दुई तिहाई बहुमत हासिल गरेको थियो । त्यतिञ्जेलमा सेनाभित्र राजदरबारको प्रभाव र नियन्त्रण राम्रैसँग कायम भइसकेको थियो । दरबारमा राजा, रानीलगायत राजपरिवारका सदस्यहरूको सुरक्षामा दुई बटालियन फौज खटाइसकिएको थियो ।

महेन्द्रले वैधानिक रूपबाटै सेनामाथि नियन्त्रण जमाउने तरिका अपनाए । त्यसका निम्ति नेपाली सेनाका तत्कालीन मेजर जनरल पद्मबहादुर खत्रीको सक्रियतामा पहिलो सैनिक ऐन बनाइयो । त्यसले सेनालाई कानुनी रूपमै सरकारको नियन्त्रणबाहिर राख्यो ।

सेनाको परमाधिपतिका रूपमा, अझ सेनाको कार्यकारी प्रमुखझैं हुने गरी सैनिक ऐन २०१६ ले राजालाई प्रशस्त अधिकारहरू दिएको थियो । खास गरी सैनिक अधिकृतहरूको सरुवा, बढुवा र वृत्ति विकासका क्षेत्रहरूका साथै सेनाको व्यवस्थापकीय पक्ष र 'अपरेशनल' लगायतका गोप्य गतिविधिमा समेत सैनिक ऐनले राजालाई प्रशस्त अधिकार दियो ।

---

१ पूर्वउपरथी कुमार फुदुङसँग लिइएको अन्तर्वार्ता, २०६६ जेठ २३, ललितपुर ।

सैनिक ऐनले दिएको अधिकारले पनि महेन्द्रलाई राजनीतिक 'कू' तर्फ अगाडि बढ्न ऊर्जा दियो । २००७ सालमा आफूलाई हराएर सत्तावृत्तमा छिरेको काँग्रेस सरकारलाई नेपाली सेनाले मैत्रीभावले हेरिरहेको थिएन । त्यस्तो अवस्थामा महेन्द्रले २०१७ सालमा सेनाकै बलमा जननिर्वाचित सरकारमाथि धावा बोले । कतिसम्म भने तत्कालीन प्रधानमन्त्री बीपी कोइराला, मन्त्रीहरू र वरिष्ठ नेताहरूलाई गिरफ्तार गर्नसमेत सेना नै परिचालन गरियो । सेनाले आफ्ना परमाधिपति राजाको आदेश मानेर त्यस्तो कार्य गरेको थियो । महेन्द्रले 'कू' गर्नुभन्दा सात महिनाअघि २०१७ जेठ ७ गते नयाँ प्रधानसेनापतिमा नीरशमशेर जबरालाई नियुक्त गरेका थिए ।

राजा महेन्द्रले सेनाकै शक्तिलाई आधार बनाई निर्दलीय मोडलको पञ्चायती शासन प्रारम्भ गरे । यता सत्ताबाट अपदस्थ काँग्रेसले पुनः क्रान्ति थाल्ने भन्दै २०१८ सालमा सशस्त्र गतिविधि प्रारम्भ गऱ्यो । काँग्रेसको विद्रोह दमन गर्न सरकारले सेना प्रयोग गऱ्यो । त्यस्तो परिस्थितिमा भारत नेपाल सरकारसँग सम्बन्ध बिगार्ने खतरा मोल्न सक्दैनथ्यो । अर्कोतर्फ, त्यही वेला भारतको चीनसँग लडाइँ सुरु भयो । चिनिया नेता माओत्सेतुङसँग राजा महेन्द्रको सुमधुर सम्बन्ध स्थापित भइसकेको थियो । त्यसैका आधारमा नेपालले चीनको सहयोग प्राप्त गर्न सक्ने अवस्थासमेत थियो । त्यसैले काँग्रेसले मुख्यतः तराई क्षेत्रमा सञ्चालन गरिरहेको विद्रोही गतिविधिहरू बन्द गर्न भारतले दबाब दियो ।

## सैन्य सुदृढीकरण

काँग्रेसको विपक्षी विद्रोह मत्थर हुँदै गएपछि महेन्द्रले आफ्नो शक्तिको मुख्य स्रोत बन्न पुगेको नेपाली सेनाको आधुनिकीकरण, व्यावसायीकरण र सुधारमा ध्यान दिए । सेनाको संख्या बढाउने र आधुनिक ब्यारेकलगायतका पूर्वाधार निर्माण गरिए । सेनाको संख्या बढाउँदै जाँदा २०२८ सालमा त्यो २३ हजार पुग्यो । महेन्द्रले सेनामा आफ्नो सीधै पहुँच विस्तार गर्ने रणनीतिअनुरूप २०२१ सालमा नेपाली सेनाको नाम बदली शाही नेपाली सेना बनाए ।

२०१७ सालअघि सेनामा फौजी कमानका अंग्रेजी शब्द मात्र प्रयोग हुन्थे । त्यसलाई महेन्द्रको पालामा नेपालीकरण गरियो । सेनाको 'चेन-अफ-कमाण्ड' लाई व्यवस्थित बनाउन प्रधानसेनापतिको अध्यक्षतामा मुख्य रथीहरू मात्र समावेश भएको विशेष उच्च व्यवस्थापन अंग पीएसओज् (प्रिन्सिपल स्टाफ अफिसर्स) कमिटीको स्थापना गरियो । २०१२ सालमा सैनिक मुख्यालयमा

व्यवस्था तथा युद्ध निर्देशनालय स्थापना गरियो, जसको जिम्मेवारी मुलुकभर 'सैनिक अपरेशन' सम्बन्धी योजना बनाउनु र कार्यान्वयन गर्नु हो ।

महेन्द्रले सेनालाई विस्तार गर्दै लैजाने योजनाअनुरूप २०१९ सालमा सुदूरपश्चिम क्षेत्र हेर्ने गरी सुर्खेतमा नं. ४ बाहिनी स्थापना गरे । २०२८ सालमा राजदरबारको सुरक्षामा खटिएको बटालियनको नफ्री बढाई त्यसलाई ब्रिगेड स्तरमा वृद्धि गरियो, जसको नाम राखियो- शाही रक्षक बाहिनी । महेन्द्रले समग्रमा सेनाको नफ्री बढाउने काम मात्र गरेनन्, २००९ सालमा खारेजीमा परेका पल्टनहरूको क्रमिक रूपमा पुनःस्थापना पनि गरे ।

२००७ सालको परिवर्तनपछि सुरु भएको आम नागरिकको सेना प्रवेश प्रक्रियाले महेन्द्रको पालामा पनि निरन्तरता पायो ।[२] गणतन्त्रकालमा आइपुग्दा सेनाको उच्च नीति निर्माण तहमा राजधानीबाहिरका सामान्य परिवारका व्यक्तिहरूको बाहुल्य देखिनुको कारण त्यसैको परिणाम हो । रूक्मांगद कटवाल, छत्रमानसिंह गुरूङ या कुलबहादुर खड्का, सबैजना राजधानी बाहिरका सैनिक अधिकृतहरू हुन् ।

त्यस अवधिमा संसारका धेरै मुलुकसँग नेपाली सेनाको सैन्य सम्बन्धसमेत स्थापित भयो । भारत र बेलायतसँग त नेपालको पहिलेदेखि सम्बन्ध थियो । चीन, अमेरिका, रूस, पाकिस्तानजस्ता सैनिक हिसाबले समेत सम्पन्न राष्ट्रहरूसँग सम्बन्ध स्थापित भयो, जसका कारण नेपाली सेनाको आधुनिकीकरणमा ठूलो सघाउ पुग्यो । महेन्द्रकै पहलमा पहिलो पटक नेपाली सेनालाई संयुक्त राष्ट्र संघको शान्ति सेनामा पठाइयो । नेपाली सैनिकहरू कतिपय स्थानमा राष्ट्र संघीय पर्यवेक्षकका रूपमा समेत खटाइए । आज पनि राष्ट्र संघको शान्ति स्थापना कार्य नेपाली सैनिकको आर्थिक आर्जनका लागि आकर्षक पक्ष रहिआएको छ ।

नेपाली सेनाको स्वतन्त्र हैसियत र मनोबल मुलुकमा बाह्य सैन्य प्रभाव घटाएर मात्र सम्भव हुने वास्तविकता महेन्द्रले बुझेका थिए । त्यही भएर उनले नेपाली सेनालाई तालिम दिन भनेर आएको भारतीय 'मिलिटरी मिसन' लाई १२ वर्षपछि २०२१ सालमा कूटनीतिक प्रयासद्वारा धपाउन सके । यो उनको उत्तरतिरको सीमाना रहेका भारतीय सैनिक चेकपोष्ट हटाउने अभियानको सुरुआत र भारतको नाडी छाम्ने महत्त्वपूर्ण कार्य थियो । चीनसँगको सुमधुर सम्बन्ध, कूटनीतिक पहल, नेपाली सेनाको बढ्दो मनोबलका कारण उनी उत्तरी

---

[२] पूर्वसहायकरथी दिलीप रायमाझीसँग अन्तर्वार्ता, २०६६ जेठ १२, काठमाडौं ।

सीमाबाट भारतीय चेकपोष्ट हटाउन चाहिरहेका थिए । त्यसका निम्ति सुरुमा भारतीय चेकपोष्टहरूमा नेपाली सेनासमेत सँगै बस्ने व्यवस्था मिलाइयो । अन्ततः कूटनीतिक प्रयत्न बढाउँदै जाँदा २०२७ सालमा नेपालको उत्तरी चेकपोष्टबाट भारतीय सैनिक क्रमिक रूपमा हट्न बाध्य भए ।[३] यसरी नेपाली भूमिमा १८ वर्षदेखि रहेको भारतीय सेनाको उपस्थिति मात्र हटेन, नेपाल र भारतबीच रहेको 'विशेष सैनिक सम्बन्ध' को एउटा अध्याय पनि सकियो (मेहता सन् २००५) ।

केही वर्षअघि २०१९ सालमा चीनसँगको युद्धमा भारतले भोगेको पराजयको रणनीतिक फाइदा नेपालले लिएको थियो । चीनसँग जोडिएको नेपालको उत्तरी सीमाबाट आफ्नो चेकपोष्ट हटाउन भारत सहमत हुनुको एउटा मनोवैज्ञानिक कारण यो पनि थियो । भारतीय सुरक्षा चेकपोष्ट भएका दसै स्थानमा नेपाली सेनाले ब्यारेक स्थापना गऱ्यो ।

महेन्द्रले चीन र भारतबीच कूटनीतिक एवं सैन्य सन्तुलन मिलाएर अगाडि बढ्ने नीति लिएका थिए । यद्यपि, उनले २०२१ साल (सन् १९६५) मा गरेको 'नेपाल-भारत सुरक्षा सहयोग सम्झौता' निकै आलोचित रह्यो किनभने त्यसले रक्षा सामग्रीसम्बन्धी नेपालको आवश्यकतालाई भारतकेन्द्रित बनाएको थियो । सम्झौताको चौथो बुँदामा 'भारतद्वारा प्रदान गरिने रक्षा सामग्रीहरू नपुग भएमा थप सामग्रीको आपूर्तिका लागि नेपालले संयुक्त राज्य अमेरिका र संयुक्त अधिराज्यसँग गरेको सम्झौताप्रति भारत सरकारको समझदारी रहेको छ' भन्ने उल्लेख छ, जसको अर्थ हुन्छ- नेपालको पहिलो प्राथमिकता भारत हुनुपर्छ, त्यसपछि अमेरिका र बेलायत (श्रेष्ठ र अरू २०६६) ।

## दस वर्षे गुरुयोजना

२०२८ सालमा महेन्द्रको निधन भएपछि नयाँ राजा वीरेन्द्रले नेपाली सेनाको आधुनिकीकरण र विस्तारलाई निरन्तरता दिए । उनको सैन्य मामिलामा विशेष रुचि थियो । उनले आफ्नो सक्रिय शासनकाल (२०२८–२०४६) मा सैनिक संख्या बढाएर ५२ हजार पुऱ्याए, जुन उनले गद्दी सम्हाल्दा २३ हजारको हाराहारीमा थियो । बेलायतमा उच्चशिक्षा लिएका वीरेन्द्रले नेपाली सेनाका

---

३ तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्टसँग अन्तर्वार्ता, २०६५ फागुन २३, काठमाडौं ।

हातहतियार र ब्यारेकलाई बेलायती मोडलमा आधुनिकीकरण गर्ने सोचाइ बनाएका थिए ।

२०३२ सालबाट दस वर्षे सैनिक गुरुयोजना लागु गर्न राजा वीरेन्द्र आफैं सक्रिय भएका थिए । त्यस योजनामा नेपाली सेनाको संख्या ६४ हजार पुऱ्याउने लक्ष्य थियो । यसअनुसार सेनाको एक चमु (कोर), तीन पृतना (डिभिजन) र अन्य स्वतन्त्र बाहिनी (ब्रिगेड) खडा गर्नुपर्ने थियो । यो योजना नियमित रूपमा अगाडि बढिरहेको थियो । वर्सेनी कम्तीमा एक हजारका दरले नयाँ भर्ती र तालिम हुन्थ्यो ।

२०३६ सालको जनमत संग्रह पार गर्दासम्म सेनाको महत्त्व निकै बढिसकेको थियो । राजा वीरेन्द्रले जनमत संग्रहमा पञ्चायती व्यवस्थालाई जिताउनसमेत सेनाको प्रयोग गरेका थिए । तत्कालीन प्रधानसेनापति सिंहप्रताप शाहले सेनालाई पञ्चायतका पक्षमा परिचालित गरेका थिए । एकतिर सेनालाई राजनीतिक शक्ति कायम राख्न अप्रत्यक्ष प्रयोग गरिएको थियो भने अर्कातिर विकास निर्माण र राष्ट्रिय निकुञ्जहरूको संरक्षणमा समेत सहभागी गराइएको थियो । वीरेन्द्रले मुलुकका केही प्रमुख वन-जंगललाई राष्ट्रिय निकुञ्जमा परिणत गरी ती क्षेत्र र त्यहाँ रहेका वन्यजन्तुको सुरक्षा गर्ने जिम्मेवारीसमेत सेनालाई दिए ।

सेनामा लागु भएको दस वर्षे योजनाको पहिलो दशकमा सेनाको अपेक्षित विस्तार तथा सुदृढीकरण भएपछि उत्साहित राजा वीरेन्द्र र सेनाको नेतृत्व गरिरहेका प्रधानसेनापति अर्जुननरसिंह राणाले २०४२ सालमा सुधारका थप योजना अगाडि बढाए । दोस्रो दशकमा गुरुयोजनाको प्रमुख उद्देश्य थियो, सेनाको पहुँच विस्तार गरी ७५ ओटै जिल्लासम्म पुऱ्याउने । उक्त योजनाअनुसार प्रत्येक जिल्लामा एक गुल्म स्थापना गर्ने र प्रत्येक जिल्लाको सुरक्षास्थिति तथा सुरक्षा चुनौतीका आधारमा सैनिक संख्या बढाउँदै लैजाने नीति तय गरिएको थियो । सेनाको तीन डिभिजन खडा गरी एउटा कोर निर्माण गर्ने एक दशकअघिको योजनालाई पनि निरन्तरता दिइयो ।

नेपाली सेनाको आधुनिकीकरण योजनाअनुसार नै काठमाडौंको महाराजगञ्जमा भैरवनाथ गण (नं. १० बाहिनी) को स्थापना गरिएको थियो । यस मातहत रहने 'घ' गुल्म र 'ङ' गुल्मलाई स्पेसल फोर्सका रूपमा लिइन्छ, जसको स्थापनामा बेलायत र इजरायलको सहयोग महत्त्वपूर्ण रहेको थियो । यी दुई गुल्मले खास गरी प्रतिआतंकवादसम्बन्धी अपरेशन र जासुसीका लागि सैनिक मुख्यालयको युद्ध तथा व्यवस्था विभाग (हाल महानिर्देशनालय) र सैनिक गुप्तचर विभागलाई

सघाउँदै आएका छन् । यसबाहेक वीरेन्द्रको कार्यकालमा अन्य थुप्रै बाहिनीहरू पनि खडा गरिए ।[४]

## एसएलआर र 'एयर डिफेन्स'

नेपाली सेनालाई आधुनिकीकरण गर्दै लैजाने योजनाअनुसार २०२८ सालमा सेनामा 'पर्सनल विपन' का रूपमा रहेका दोस्रो विश्वयुद्धकालीन थ्रीनटथ्री राइफललाई एकसाथ विस्थापित गरियो । त्यसको ठाउँमा एसएलआर (सेल्फ लोडिङ राइफल) ल्याइएको थियो । सेनाका सबै तहमा यो हतियार पुऱ्याउन पाँच वर्ष लागेको थियो (अधिकारी २०६२) । एसएलआर पाएपछि सेनाले आफूसँग भएका थ्रीनटथ्री राइफल भने प्रहरीलाई दिएको थियो । अहिले पनि नेपाल प्रहरीको आधारभूत हतियार यही हो ।

भारतका तत्कालीन सेनाप्रमुख फिल्डमार्शल साम मानेक्शाले २०२८ सालमा नेपालको औपचारिक भ्रमण गरेका थिए । त्यसवेला उनले नेपाली सेनालाई आवश्यक पर्ने हातहतियार र गोलीगठ्ठा दिने सहमति गरेका थिए । त्यहीअनुरूप भारत सरकारले नेपाललाई एसएलआर दिएको हो । वास्तवमा आफ्नो सेनाले चलाउन छाडेको यो हतियार भारतले नेपाललाई बेचेको थियो, जसको रकम अहिलेसम्म फछ्र्यौट नभएको भारतीय पक्षको दाबी छ । रक्षा मन्त्रालय वा सेनाको स्तरमा हुने द्विपक्षीय वार्ताहरूमा भारतीय पक्षले अहिले पनि नेपालले हतियारबापत तिर्नुपर्ने बक्यौताबारे कुरा उठाउने गरेको छ । २०६६ सालमा रक्षामन्त्री विद्यादेवी भण्डारीको भारत भ्रमणका वेला पनि भारतीय पक्षले उक्त प्रसंग कोट्याएको थियो ।[५]

सेनाले थ्रीनटथ्रीको तुलनामा भारतबाट आधुनिक हतियार त पायो तर यो एउटा बन्धनयुक्त कार्य थियो । भारतले हतियार दिएपछि यसका लागि आवश्यक पर्ने गोलीगठ्ठासमेत उतैबाट ल्याउनुपर्ने थियो । जति वेला नेपाललाई व्यापक

---

[४] राजा वीरेन्द्रको कार्यकालमा निम्न ब्रिगेडहरू स्थापना गरिएका थिए : नं. ५ बाहिनी, दिपायल (२०३९ सालमा), नं. ६ बाहिनी, बैरिनी, धादिङ (२०४३), नं. ७ बाहिनी, चनवन, मकवानपुर (२०४३), कमाण्डो, छाताधारी सेना सञ्चालनका लागि नं. १० बाहिनी (२०४७), हवाई परिवहनका लागि नं. ११ बाहिनी (२०४७), प्राविधिक ट्रुप सञ्चालनका लागि नं. १३ बाहिनी (२०४७), तोपखाना सञ्चालनका लागि नं. १४ बाहिनी (२०४७), सञ्चारका लागि नं. १५ बाहिनी (२०४७) र बन्दोबस्ती सामग्री परिचालनका लागि नं. १६ बाहिनी (२०४७) । यसबाहेक सातओटा निर्देशनालयसमेत वीरेन्द्रको कार्यकालमा खडा गरिएका थिए ।

[५] सैनिक मुख्यालय स्रोत, अनौपचारिक कुराकानी, २०६६ भदौ ।

मात्रामा गोलीगठ्ठा जरूरत पर्छ, त्यतिवेला उसले विभिन्न बहानामा टारेर अप्ठेरोमा पार्ने गरेको सैनिक अधिकारीहरू सम्भन्छन् ।[६]

नेपाली सेनाका निम्ति भारत, अमेरिका र बेलायतबाहेक अन्य मुलुकबाट पनि सहयोग जुटाउने प्रयत्नमा राजा वीरेन्द्र सुरूबाटै लागेका थिए । त्यस निम्ति उत्तरको छिमेकी चीन सबभन्दा सहयोगी हुन सक्थ्यो, जो तिब्बती खम्पाविरूद्ध नेपालले गरेको सैन्य कारबाहीबाट अनुग्रहित थियो । मुस्ताङलगायत उत्तरी हिमाली भेगमा सशस्त्र शिविर खडा गरेर अमेरिकी र भारतीय गुप्तचर संस्थाहरूको सहयोगमा वर्षौंदेखि चीनविरूद्ध गतिविधि गरिरहेका खम्पाहरूलाई निशस्त्र पार्न नेपाली सेनाले २०३२ सालमा एउटा निर्णायक कारबाही गरेको थियो, जसमा राजा वीरेन्द्रले सोभै चासो लिएर पुऱ्याएको सहयोगलाई बेइजिङले महत्त्वपूर्ण सहयोगका रूपमा सम्भदै आएको थियो ।

तेस्रो मुलुकबाट हतियार ल्याउने योजनामा राजा महेन्द्र पूरै सफल भएका थिएनन् । तर वीरेन्द्रले चीनको सहयोग लिएर 'एयर डिफेन्स' कम्पनी स्थापना गरे । र हतियारहरू भित्र्याउन वीरेन्द्र सफल भए ।नेपाली सेनाले पहिलोपटक नेपाली आकाशमा अनधिकृत रूपमा उड्ने जहाज खसाल्न सक्ने क्षमताको विकास गऱ्यो । २०४५ सालमा नेपालले चीनबाट 'एन्टी-एयरक्राफ्ट गन' सँगै अन्य थुप्रै हातहतियार पनि ल्यायो । आफ्नो 'स्वीकृति' बेगर नेपालले चालेको यो कदमबाट चिढिएको भारतले कूटनीतिक विरोध जनाउनुका साथै नेपालमाथि आर्थिक नाकाबन्दीसमेत लगायो । पञ्चायतको विरोधमा उत्रिएका राजनीतिक दलहरूलाई सहयोग दियो । राजाको सक्रिय भूमिका रहेको ३० वर्ष पञ्चायती व्यवस्था ढल्नुको एक प्रमुख कारण यो पनि थियो ।

पञ्चायतविरूद्ध आन्दोलन चलिरहेका बखत भारतले नेपाललाई दीर्घकालीन असर पार्ने एउटा सुरक्षा सन्धिको मस्यौदा पठाएको थियो (कुमार सन् १९९२) । त्यसमा हस्ताक्षर गरेमा भारतले आन्दोलन रोक्न सहयोग गर्ने बताएको थियो । तर, वीरेन्द्रले सो सन्धिलाई स्वीकारेनन् । २०४६ सालको जनआन्दोलन सफल भयो । र प्रजातन्त्रको पुनःस्थापनापछि २०४७ सालमा संविधान जारी भयो । उक्त संविधानले पनि राजालाई नेपाली सेनाको परमाधिपतिका रूपमा अंगिकार गऱ्यो । 'राजाको सेना' प्रति दलहरूको र दलप्रति सेनाको धारणा फेरिएन, एकअर्काले असहयोगी व्यवहार गरिरहे ।

---

[६] राजाका पूर्वसैनिक सचिव विवेककुमार शाहसँग अन्तर्वार्ता, २०६६ जेठ १२, काठमाडौं ।

## माओवादी विद्रोह र सैन्य तयारी

२०४८ सालको आमनिर्वाचनमा नेपाली काँग्रेसले बहुमत पाएर गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बनेपछि वीरेन्द्रले २०३२ सालबाट थालेको सैन्य विस्तार एवं सुदृढीकरण अभियान रोकियो । कोइरालाले तलब-भत्ताबाहेक नेपाली सेनाको व्यवसायीकरणका लागि आवश्यक कुनै पनि आर्थिक तथा 'लजिष्टिक' सहयोग नगरेको सैनिक अधिकारीहरूको आरोप छ । तर, २०५१ सालको मध्यावधि निर्वाचनपछि नेकपा (एमाले) अध्यक्ष मनमोहन अधिकारीको नेतृत्वमा गठित अल्पमतको सरकार भने सेनामैत्री देखियो । उपप्रधानमन्त्री माधवकुमार नेपाललाई रक्षा मन्त्रालयको जिम्मेवारी दिइयो । विगतमा छुट्टै रक्षामन्त्री नहुँदा निरीह र सैनिक मुख्यालयको 'रबर स्ट्याम्प' जस्तो रहेको रक्षा मन्त्रालयलाई एमाले सरकारले जगाउने कोसिस गरेजस्तो देखियो ।

रक्षा मन्त्रालयले त्यसबखत नेपाली सेनाको कल्याणकारी र वृत्ति विकासमा समेत चासो देखाएको देखिन्छ । यसअघि नेपाली सेनाका सिपाहीलाई पियनसरह मानिन्थ्यो भने एमाले सरकारले सम्पूर्ण सिपाहीको स्तर वृद्धि गरी बहिदारसरह बनाएको थियो । सेनामा मौलाइरहेको भ्रष्टाचार रोक्नसमेत कदम चालिएको थियो । तत्कालीन सम्भाररथी उपरथी योगेन्द्रप्रतापजंग राणालाई भ्रष्टाचारको मुद्दामा सैनिक अदालत गठन गरी कारबाही गरियो । सेनापति बन्ने लाइनमा रहेका राणाको जागिर मात्र गएन, जेलसमेत बस्नु पऱ्यो । त्यही मुद्दामा मुछिएर तत्कालीन प्रधानसेनापति गडुलशमशेर राणा नैतिकताको आधारमा समयावधि नसकिँदै राजीनामा गर्न बाध्य भए ।[७]

नेपाली सेनामा सुधार र आधुनिकीकरणका लागि सकारात्मक रूपमा अगाडि बढिरहेको वेला नेकपा (एमाले) को अल्पमतको सरकार नौ महिनामै ढल्न पुग्यो । त्यसपछिको त्रिशंकु संसदबाट गठबन्धन सरकार बनाउने र गिराउने सिलसिलाले नेपालको राजनीतिमा अराजकता, अन्योल र अस्थिरता भित्रियो । त्यस्तै अवस्थामा २०५२ फागुनमा नेकपा (माओवादी) ले सशस्त्र विद्रोह प्रारम्भ गऱ्यो ।

सैनिक अधिकारीहरू सुरुमा माओवादी आन्दोलनलाई 'राजा र व्यवस्थाविरोधी' नभई समाजमा व्याप्त विकृति र विसंगतिविरुद्ध, अझ खास गरी प्रहरीको दमनविरुद्ध उठेको विद्रोहका रूपमा विश्लेषण गर्थे ।[८] त्यतिवेलासम्ममा नेपाल

---

[७] राजदरबारका तत्कालीन उच्च पदाधिकारीहरूसँग अनौपचारिक कुराकानी, २०६६ विभिन्न मिति ।

[८] पूर्वसहायकरथी दिलीप रायमाझीसँग अन्तर्वार्ता, २०६६ जेठ १५, काठमाडौं ।

प्रहरीको चरम राजनीतीकरण भइसकेको थियो । सरकारले प्रहरीको साधन-स्रोत वृद्धि गरेता पनि माओवादीविरूद्धको कारबाही चाहिं प्रभावकारी हुन सकेको थिएन । सरकारको स्रोत-साधन वृद्धि गर्ने क्रममा प्रहरी र सेनामा विभेद गरेकाले सेना र प्रहरीबीच एक हदसम्म द्वन्द्वसमेत प्रकट भयो ।

सत्ता समीकरण बन्ने र भत्कने क्रमसँगै राष्ट्रिय प्रजातन्त्र पार्टीका लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा नेकपा (एमाले) समेत सम्मिलित भई बनेको सरकारले २०५३ चैत २१ मा प्रहरी प्रमुख अच्युतकृष्ण खरेललाई हटाई उनको ठाउँमा ध्रुवबहादुर प्रधानलाई नियुक्त गऱ्यो । तत्कालीन उपप्रधानमन्त्री वामदेव गौतमले प्रहरी प्रमुख प्रधान र तत्कालीन प्रधानसेनापति धर्मपालवरसिंह थापाबीच समन्वय गराएर माओवादीविरूद्ध एकीकृत जासुसी कार्ययोजना तयार पार्न सेना, प्रहरी र राष्ट्रिय अनुसन्धान विभागको संयुक्त कार्यदल गठन गरे ।[९] त्यसमा तीनओटै सुरक्षा अंगका प्रमुखहरू- प्रधानसेनापति, प्रहरी महानिरीक्षक र राष्ट्रिय अनुसन्धान विभागका प्रमुख रहने व्यवस्था थियो । यसै रणनीतिअनुरूप उपप्रधान तथा गृहमन्त्री गौतमले आतंककारी गतिविधि नियन्त्रणसम्बन्धी ऐन ल्याउने तयारीसमेत गरेका थिए, जुन योजना उनी सरकारबाट र प्रधान प्रहरीप्रमुखबाट हट्नासाथ तुहेर गयो । काँग्रेस सम्मिलित नयाँ सरकारका पालामा प्रहरी महानिरीक्षकमा खरेल पुनः नियुक्त भएपछि सेना र प्रहरीबीचको सम्बन्ध फेरि बिग्रिन पुगेको देखिन्छ ।

नेपाली सेनाले माओवादी समस्याबारे अध्ययन र विश्लेषण गरेर माओवादी समस्या केवल सैन्य तथा प्रहरी कारबाहीबाट मात्र समाधान नहुने निष्कर्ष निकालेको थियो । साथै माओवादी समस्या सामाजिक, आर्थिक अधिकार र विकाससँग जोडिएको विषयसमेत भएकाले २०५४ सालमा माओवादी अतिप्रभावित क्षेत्रमा एकीकृत विकास तथा सुरक्षा योजना लागु गर्न विस्तृत कार्ययोजना प्रस्तुत गरेको थियो, जुन कार्यान्वयन हुन सकेन । यसले गर्दा सेना सरकार सम्बन्ध सुमधुर हुन सकेन ।

माओवादी एउटा चुनौतीका रूपमा प्रकट भएपछि वीरेन्द्रले सेनाको विस्तार र आधुनिकीकरण गर्ने आफ्नो पुरानो अभियानलाई फरक ढंगबाट अगाडि बढाउन खोजे । सेनामा तत्काल तीन डिभिजन खडा गरी कोर अवधारणा लागु गर्ने तय गरिएको थियो । त्यसअनुसार २०५५ सालमा प्रधानसेनापति धर्मपालवरसिंह थापाको कार्यकालमा 'डिभिजन प्राक्टिस' गराइयो ।

---

[९] तत्कालीन प्रहरी महानिरीक्षक ध्रुवबहादुर प्रधानसँग अन्तर्वार्ता, २०६६ जेठ २१, काठमाडौं ।

नेपाली सेना हतियारको पनि स्तरवृद्धि गर्न चाहन्थ्यो । संयुक्त राष्ट्रसंघीय शान्ति मिसनमा जाने सैनिकका लागि भनेर २०५४ सालमा प्रधानसेनापति धर्मपालवरसिंह थापाको पालामा अमेरिकामा निर्मित केही हजार एम-१६ हतियार खरिद गरिएको थियो । माओवादी नियन्त्रण गर्न सेना परिचालित भएपछि त्यो अभियानलाई साथ दिन अमेरिकाले केही परिमाणमा एम-१६ दिएको थियो । तर उक्त हतियार अत्यन्त महँगो रहेको र यसको गोली ल्याउनसमेत कठिन भएकाले नेपाली सेना अन्य विकल्पको खोजीमा थियो । त्यस क्रममा जर्मनीमा बनेको जी-३६ राइफल पाँच हजार थान किन्ने र त्यसको निर्माता हेक्लर एण्ड कोख कम्पनीसँग साझेदारी गरी नेपालमै 'एसेम्ब्ली लाइन' खोल्ने महत्त्वकांक्षी योजनालाई अन्तिम रूप दिइयो, जसमा तत्कालीन राजा वीरेन्द्र र युवराज दीपेन्द्र स्वयंले विशेष रुचि देखाएका थिए । उनीहरू दुवैले उक्त हतियारको नगरकोट, मुस्ताङ र नारायणहिटी दरबारभित्रै 'फायरिङ' परीक्षणसमेत गरेका थिए (शर्मा २०५८) ।

जर्मन हतियार ल्याउन प्रतीत-पत्रसमेत खोलिसकिएको थियो । तर नेपाली सेनालाई हतियार दिंदै आएको भारत चाहिं आफ्नै देशमा निर्मित इन्सास राइफल बिकाउन प्रयत्नरत् थियो । त्यसैबीच २०५८ जेठ १९ मा राजदरबार हत्याकाण्ड भई वीरेन्द्र, दीपेन्द्रलगायत उनीहरूको वंशनाश भयो । नयाँ सन्दर्भमा जर्मन हतियार ल्याउने तयारी त्यत्तिकै सेलायो । केही महिनापछि तत्कालीन बलाधिकृत रथी प्यारजंग थापाले भारत भ्रमण गरे । त्यही भ्रमणमा नेपाललाई इन्सास हतियार उपलब्ध गराउने औपचारिक सहमति गरियो (कान्तिपुर २०५८क) ।

## सेनाको पुनः विस्तार

वीरेन्द्र मारिएपछि नयाँ राजा ज्ञानेन्द्र सेनाको परमाधिपति बन्न पुगे । उनले राज्यारोहण गरेकै वर्ष २०५८ मंसिर ८ गते माओवादीले दाङको घोराहीस्थित ब्यारेकमा आक्रमण गरेपछि सरकारले सेना परिचालन गर्‍यो । साथै मुलुकभर संकटकाल लगाएर सेनाको नफ्रीसमेत बढाउन थाल्यो । यसैक्रममा नेपालगञ्जमा पश्चिम डिभिजन खडा गरियो । पाँच विकास क्षेत्र र काठमाडौं उपत्यकामा छुट्टाछुट्टै डिभिजन मुख्यालय खडा गर्ने निर्णयसमेत भयो, जसबारे २०५८ पुस ६ गते ज्ञानेन्द्रलाई सेनाले आफ्नो मुख्यालयमै आमन्त्रण गरी विस्तृत रूपमा जाहेर गरेको थियो (कान्तिपुर २०५८ख) ।

समयक्रममा पाँचओटै विकास क्षेत्रमा एक-एक र काठमाडौंमा एक गरी छओटा डिभिजन खडा गरिए भने स्वतन्त्र ब्रिगेडसमेतलाई जोड्दा देशभरि ब्रिगेडको संख्या २५ पुग्यो । प्रत्येक अञ्चलमा एउटा ब्रिगेड स्तरको र प्रत्येक

जिल्लामा गणस्तरको सैनिक इकाइ राख्ने सेनाको योजना छ । छओटा डिभिजन भइसकेकाले ती सबैलाई नेतृत्व गर्न दुइटा कोर (चमु) स्थापना गर्ने योजना पनि तत्कालीन प्रधानसेनापति रूक्मांगद कटवालले अगाडि सारेका थिए, तर त्यो कार्यान्वयन भएको छैन ।

डिभिजनको अवधारणामा प्रवेश गर्नुअघि देशभरिका अपरेशनसम्बन्धी आदेश तथा निर्देशन सैनिक मुख्यालयस्थित युद्धकार्य तथा व्यवस्था निर्देशनालय (डीएमओ) बाट हुने गर्थ्यो । डिभिजन अवधारणा अपनाएपछि 'डीएमओ'को समेत स्तरवृद्धि गरी त्यसलाई युद्धकार्य तथा व्यवस्था महानिर्देशनालय (डीजीएमओ) मा परिणत गरियो । सहायकरथी निर्देशक हुने व्यवस्थाबाट उपरथी यसको प्रमुख हुने व्यवस्था भयो । डिभिजन कमाण्डरहरू उपरथी हुने भएकाले युद्धकार्य तथा व्यवस्था महानिर्देशक पनि उपरथी नै रहने व्यवस्था गरियो । अझ पछिल्लो अवधिमा डिभिजन कमाण्ड गरिसकेका उपरथीलाई मात्र महानिर्देशक बनाउने नीति अख्तियार गरियो ।

ब्यारेकबाट निस्किएको पाँच वर्षमै नेपाली सेनाको नफ्री, संरचना र हतियारमा जे-जस्तो स्तरवृद्धि भयो, त्यो माओवादीसँग लड्दाकै उपज थियो । त्यसका निम्ति सैनिक मुख्यालयले २०५९ सालमा तीनवर्षे विशेष कार्यक्रम थालेको थियो, जसको एक मात्र उद्देश्य सैनिक नफ्री बढाई आधुनिकीकरण गर्दै लैजानु थियो । उक्त योजनाअनुसार पहिलो वर्षमा ५ हजार, दोस्रो वर्षमा ३ हजार ४ सय र तेस्रो वर्षमा ६ हजार ५ सय सैनिक बल थपिएको थियो । यसरी ३ वर्षमा कुल १४ हजार ९ सय फौज बढाइयो । त्यसरी बढाउँदै लैजाँदा २०६३ सालमा विस्तृत शान्ति सम्झौता हुँदा सेनाको संख्या ९५ हजारको हाराहारीमा पुगिसकेको थियो ।

युद्धकालमै तराई र पूर्वी पहाडका केही जातजातिलाई लक्षित गरेर स्वतन्त्र गणहरू पनि निर्माण गरिए । माओवादीलाई लक्षित गरेर अमेरिकी सेनाको सुझाव, तालिम र सहयोगमा काठमाडौंको छाउनीमा रेञ्जर (महावीर) गण स्थापना गरियो । यो गणले सूचना संकलन र प्रतिआतंकवादसम्बन्धी अपरेशनमा अमेरिकी स्पेसल फोर्सको मोडल अनुसरण गरेको देखिन्छ । यसबीच भैरवनाथ गणमातहत रहेका 'घ' र 'ङ' गुल्मलाई मिलाएर छुट्टै युद्धभैरव गणसमेत खडा गरियो । युद्धभैरव पनि भैरवनाथजस्तै स्पेसल कमाण्डो र पारा कमाण्डो फौज हो । माओवादी द्वन्द्वकालमा नेपाली सेनाको संख्याको आधारमा मात्र वृद्धि नभएर हतियार, तालिम र सैनिक सामग्रीका हिसाबले समेत यसको विस्तार हुनपुग्यो ।

माओवादी विद्रोह दमन गर्न भौगोलिक विकटता सबभन्दा बाधक थियो । त्यसैले माओवादीलाई परास्त गर्न संख्या बढाउनुभन्दा हवाई आक्रमणका लागि एट्याक हेलिकोप्टर खरिद गर्नु उपयुक्त हुने सल्लाहसमेत सैनिक विज्ञहरूले दिएका थिए । २०५८ माघमा नेपाल भ्रमणमा आएका तत्कालीन अमेरिकी विदेशमन्त्री कोलिन पावेलले सैनिक मुख्यालयमा उच्च सैन्य अधिकृतहरूसँग नेपाली सेनाको आवश्यकता र चुनौती सम्बन्धमा छलफल गरेका थिए । त्यतिवेला पावेल नेपाली सेनाका लागि दुइटा एट्याक हेलिकोप्टर दिन सहमत भएका तर भारत सरकारले कूटनीतिक तवरबाट आपत्ति जनाएका कारण त्यो निर्णय कार्यान्वयन हुन नपाएको जानकारहरूको भनाइ छ ।[१०]

यसबीच सेनाले काठमाडौंको त्रिभुवन विमानस्थलमा रहेको ११ नं. बाहिनी हवाई अड्डालाई सैनिक हवाई निर्देशनालयका रूपमा विस्तार गरिसकेको छ । सुर्खेत जिल्लामा समेत 'सैनिक एयरबेस' स्थापनाको तयारीमा छ । २०६६ सालमा रक्षामन्त्री विद्यादेवी भण्डारीको भारत भ्रमणको क्रममा भएको समझदारीअनुरूप २०६६ माघबाट पाँच वर्षको अन्तरालपछि भारतीय सहयोग पुनः सुचारु भएको छ ।

## भावी चुनौती

मुलुकमा सेना समायोजन, समावेशीकरण र लोकतान्त्रीकरणको नारा घनीभूत रूपमा चर्किरहेका वेला २०६६ सालमा सेनाको कमाण्ड पहिलोपटक गुरूङ जातिका र सामान्य परिवारबाट सेनामा भर्ती भएका छत्रमानसिंह गुरूङले सम्हाले । सेनामा राणा, शाह, थापा र बस्न्यात थरबाहेक अन्य जातिबाट कोही प्रधानसेनापति बनेका थिएनन् । गुरूङभन्दा अघिका प्रधानसेनापति रूक्मांगद कटवाल राजधानीबाहिर सामान्य परिवारमा जन्मेका व्यक्ति भए पनि उनको पालनपोषण, शिक्षादीक्षा र सेनामा प्रवेशसमेत दरबारकै रेखदेखमा भएको थियो ।

सेनापति गुरूङ वा उनीपछिको नेतृत्वको चुनौती भनेको माओवादी सेनाका लडाकुको व्यवस्थापनलाई टुंगोमा पुऱ्याउन सघाउनु हो । नेपाली सेनाले सरकारका विभिन्न निकाय र संविधानसभामा यससम्बन्धमा आफ्नो सुझाव बुझाएको थियो । ती सुझावमा 'सैनिक भर्तीसम्बन्धी विश्वव्यापी मान्यता नेपाली सेनामा पनि लागु हुनसक्छ, किनभने नेपाली सेना जबर्जस्त भर्ती गराइने सैनिक संगठन होइन, यो निश्चित मापदण्ड पुऱ्याएर स्वच्छामा तर नियमसंगत भर्ती गरिने

---

[१०] सैनिक मुख्यालय स्रोत, अनौपचारिक कुराकानी, २०६६ भदौ ।

सैनिक संस्था हो । सेनामा भर्ती हुनका लागि पुऱ्याउनुपर्ने न्युनतम मापदण्ड माओवादी सेना समायोजनको क्रममा हरेकका हकमा सक्रिय हुन्छ' भन्ने उल्लेख छ । यसकारण पनि माओवादी लडाकुको समायोजनको मुद्दा सरल छैन ।

किन नेपाली सेना आफ्नो संस्थामा माओवादी सेनालाई समायोजन गर्न चाहँदैन ? वास्तवमा कुनै पनि संस्थामा कार्यरत हरेकले आफ्नो र संस्थाको सुरक्षा अथवा स्वार्थलाई हेरेकै हुन्छ । नेपाली सेना विशुद्ध व्यावसायिक र अराजनीतिक संगठन भएकाले यसमा कुनै पनि राजनीतिक उद्देश्यबाट अभिप्रेरित सेना या हुल प्रवेश गराउनु हुँदैन भन्ने सैनिक नेतृत्वको तर्क देखिन्छ । साथै माओवादी सेनालाई समायोजन गरेमा नेपाली सेनाको राजनीतीकरण हुने उनीहरू तर्क गर्छन् (नेपाल २०६५) । माओवादीसँग आमनेसामने लडेको र युद्धको घाउ मेटिइ नसकेका कारण पनि सेनाले आफ्नो संगठनमा लडाकुलाई समायोजन गराउन चाहेको छैन ।

मुलुक माओवादी लडाकुको समायोजन र पुनःस्थापना गर्नुपर्ने चुनौतीमा अल्झिरहेका वेला नेपाली सेनाले भने सरकारलाई दस वर्षे सैनिक गुरुयोजना पेस गरेको छ । रक्षामन्त्री विद्यादेवी भण्डारी सहमत भएको यस विषयमा प्रधानमन्त्री माधवकुमार नेपाललाई समेत सेनाले 'ब्रिफिङ' गरिसकेको छ । उक्त योजनामा नेपाली सेनाको वर्तमान नफ्रीलाई बढाएर तत्काल एक लाख पुऱ्याउनुपर्ने, कोर अवधारणामा प्रवेश गर्नुपर्ने, सेनालाई आवश्यक साधनस्रोतबाट सुसज्जित पार्नुपर्ने, आन्तरिक तथा क्षेत्रीय सुरक्षा खतराबारे सचेत हुँदै चुनौती सामना गर्न तयारी हालतमा राख्नुपर्ने उल्लेख गरिएको उच्च सैनिक स्रोतले बताएको छ ।[११]

नेपाली सेना पछिल्लो कालखण्डमा फेरि विवादको घेरामा पऱ्यो । नेपालमा मात्र नभएर दक्षिण एसियामै सबैभन्दा पुरानो इतिहास रहेको यो सेना विस्तृत शान्ति सम्झौतामा उल्लेख भएको माओवादी लडाकुको समायोजनको प्रसंगपछि विवादमा पर्न थालेको हो । निश्चय पनि लडाकुको व्यवस्थापनका दृष्टिले होस् वा सैन्य रूपान्तरण अथवा पुनःसंरचनाको बहसले, गणतन्त्रको स्थापनासँगै नेपाली सेना फेरि अर्को एउटा पुनर्गठनको प्रक्रियामा प्रवेश गरिसकेको छ ।

---

[११] सैनिक मुख्यालय स्रोत, अनौपचारिक कुराकानी, २०६६ भदौ ।